# रेवाले जितिन् काँस्य पदक



*सुन्दरहरैंचा(उस)/मोरङको सुन्दरहरैंचा-९ मा रहेको बालसदन एकेडेमीकी विद्यार्थी रेवा काफ्लेले काठमाडौंमा भएको राष्ट्रपति रनिङ शिल्ड अन्तर्गत तेक्वान्दो खेलको पुम्से विधामा काँस्य पदक जित्न सफल भएकी छन् ।*

*नगर, जिल्ला तथा प्रदेश स्तरमा स्वर्ण पदक जित्दै १५औ राष्ट्रपति रनिङ शिल्डको लागि कोशी प्रदेशको प्रतिनिधित्व गर्दै खेलेकी उनले काँस्य पदक जितेको विद्यालयका प्रबन्ध निर्देशक सूर्य दंगालले जानकारी दिए । पदक बिजेता काफ्लेलाइ विद्यालयले एक कार्यक्रमको आयोजना गरी नगदसहित सम्मान गरेको प्राचार्य निरज ढकालले बताए ।*

# 'जारी २' को छायांकन सकियो

विराटनगर/कवि उपेन्द्र सुब्बाको निर्देशनमा निर्माण भएको तेस्रो सिनेमा 'जारी २' को छायांकन सकिएको छ । पूर्वी पहाडी जिल्ला पाँचथरमा गरिएको सिनेमाको छायांकन ३६ औं दिनमा प्याकअप गरिएको हो ।

छायांकन गरिएको जानकारी दिंदै निर्माण कम्पनी बाँसुरी फिल्मस्ले सिनेमा आगामी बडादशैंको अवसरमा रिलिज हुने जानकारी दिएको छ ।

दशैंमा रिलिज हुने भनिए पनि कुन मितिमा रिलिज हुन्छ भन्ने निर्माण टिमले खुलाएको छ । छायांकन सकिएसँगै निर्माण टिमले सिनेमा मुख्य कलाकार दयाहाङ राई र मिरुना मगरको क्यारेक्टर लुक्स समेत सार्वजनिक गरेको हो । सार्वजनिक तस्वीरमा मिरुनालाई लिम्बू पहिरन र दयाहाङलाई च्याब्रुङ बजाउँदै गरेको अवस्थामा देख्न सकिन्छ ।

यो सिनेमाको स्लोगन 'सङ्ग अफ च्याब्रुङ' राखिएको छ । 'जारी २' मा २०८० सालको ब्लकबस्टर सिनेमाका 'जारी'का निर्देशक उपेन्द्र सुब्बाको नै लेखन रहको छ । कवी सुब्बाको डेव्यु निर्देशन गरेको जारीले नेपाली बक्सअफिसमा १७ करोड माथिको व्यापार गरेको थियो । निर्माण घोषणासँगै 'जारी २' दर्शकको प्रतीक्षामा छ ।





बाँसुरी फिल्मस् र कबड्डी फिल्मस्को ब्यानरमा निर्माण भएको सिनेमाका निर्माता सफल निर्देशक रामबाबु गुरुङ हुन् । सिनेमामा दयाहाङ र मिरुनासहित विजय बराल, ऋचा शर्मा, बुद्धि तामाङ, पुष्कर गुरुङ, प्रेम सुब्बा, माओत्से गुरुङ, मानहाङ लावती, बिष्णु मोक्तान, कमलमणि नेपाल, अनिल सुब्बा, रेखा लिम्बू, बेदना राई र सिर्जना निङ्लेखुको अभिनय छ । (द सिनेमा टाइम्स)

# प्रधानमन्त्रीलाई सुनचाँदी व्यवसायीको ध्यानाकर्षण

काठमाडौं/सुनचाँदी व्यवसायसँग सम्बन्धित संघ-संस्थाका नेतृत्वले आगामी आर्थिक वर्षको बजेट वक्तव्यमा सुनचाँदी कारोबारमा दुई प्रतिशत विलासिता कर लगाउने व्यवस्थाप्रति पुनर्विचार गर्न प्रधानमन्त्री केपी शर्मा ओलीको ध्यानाकर्षण गराएका छन् ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा भएको भेटमा नेपाल सुनचाँदी रत्न तथा आभूण महासंघका अध्यक्ष किसान सुनार, नेपाल सुनचाँदी व्यवसायी महासंघका अध्यक्ष अर्जुन रसाइली र नेपाल रत्न तथा आभूषण संघका अध्यक्ष सुमनमान ताम्राकारसहितको टोलीले विलासिता कर लागु गर्दा आफूहरूको व्यवसाय धरासायी हुने भएकाले पुनः विचार गर्न माग गरेको हो । ती संस्थाहरूले कर र भन्सारका दर छिमेकी भारतको भन्दा बढी हुँदा नेपाली व्यवसायले प्रतिस्पर्धा गर्न नसक्ने भएकाले उक्त व्यवस्था कायम रहेमा आफूहरू आन्दोलनमा जान बाध्य हुने बताएका थिए । प्रधानमन्त्री ओलीले संवादबाट समस्याको समाधान खोज्न आफूले सम्बन्धित मन्त्रालयसँग बुझ्ने र मिल्नेसम्मका माग पूरा गर्न लागिपर्ने विश्वास दिलाउँदै आन्दोलनको बाटोमा नलाग्न आग्रह गरेका छन् । (रासस)

## «ग्रामथानको

अध्यक्ष नै बैठक छाडेर हिंडेका कारण उपाध्यक्ष थारुसहित कार्यपालिकाका अन्य सदस्यहरूले माइन्यूटमा 'कुनै निर्णय हुँदा हाम्रो मान्य हुने छैन' भन्ने लेखेर हस्ताक्षर गरी हिंडेका थिए । तर अध्यक्ष माझीले सोही उपस्थितिलाई आधार बनाएर एक्लै ११ वटा निर्णय गरेका थिए । सहमति बिना नै एकल रुपमा निर्णय गरेपछि उपाध्यक्ष थारुले उच्च अदालत गुहारेकी हुन् ।

अध्यक्ष माझीले प्रत्येक कार्यपालिका बैठकमा कार्यपालिका सदस्यहरूलाई चित्त नबुझे अदालत जानू भनेर धम्की दिंदै आएको कार्यपालिकाका एक सदस्यले बताए । अध्यक्ष माझीले हरेक बैठकमा आफूखुसी निर्णय गर्न खोज्ने गरेको कार्यपालिकाका ती सदस्यले बताए ।

माझीले भने गाउँपालिकाको बैठक सञ्चालन सम्बन्धी कार्यविधि २०७४ को दफा १५ को निर्णय सम्बन्धी व्यवस्थाको उपदफा १५.३ मा 'बजेट कार्यक्रम र नीति तथा स्थानीय तहको नियमावली बाहेको विषयमा १५.२ बमोजिम निर्णय हुन नसकेमा व्यक्तिगत उत्तरदायित्व निज माथि रहने गरी गाउँ कार्यपालिकाको अध्यक्षले गरेको निर्णय अन्तिम हुनेछ' भन्ने लेखिएको भन्दै सोहीअनुसार निर्णय गरेको निर्णय पुस्तिकामा उल्लेख गरेका छन् ।

# छोरीबुहारीलाई उच्च शिक्षा पढाउँदै सूर्योदय नगरपालिका

इलाम/सूर्योदय नगरपालिकाले सञ्चालन गरेको 'छोरीबुहारी छात्रवृत्ति कार्यक्रम'अन्तर्गत चालु शैक्षिकसत्रका लागि ३२ जनासँग स्नातक तहको अध्ययनका लागि छात्रवृत्तिको सम्झौता गरेको छ । नगरपालिकाले गरिब, अध्ययनबाट टाढिएका, तथा दीर्घरोगीका परिवारकी छोरीबुहारीलाई निःशुल्क उच्च शिक्षाको पहुँचमा ल्याउने उद्देश्यसहित करफोक बहुमुखी क्याम्पसमा स्नातक प्रथम वर्षमा अध्ययन गर्न सोमबार छात्रवृत्ति सम्झौता गरेको हो ।

सूर्योदय नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाका प्राविधिक सहायक नवीन पौडेलका अनुसार वडाबाट सिफारिस भएका ३२ जना छोरीबुहारीसँग औपचारिक सम्झौता भइसकेको छ । प्रत्येक विद्यार्थीका लागि ३२ हजार ९०० का दरले १० लाख ५२ हजार ८०० क्याम्पसलाई प्रदान गरिने सम्झौता गरिएको हो ।

शाखा प्रमुख योगनिधि भट्टराईका अनुसार नयाँ तयार गरिएको 'छोरीबुहारी तथा अन्य छात्रवृत्ति वितरण तथा व्यवस्थापन निर्देशिका-२०८१' अनुसार अबदेखि छात्रवृत्ति वितरण प्रक्रिया अघि बढाइएको हो । सूर्योदय नगरपालिकाका स्थायी बासिन्दा छोरीबुहारीले मात्र सहभागी हुन पाउने व्यवस्था गरिएको छ, उनले भने ।

नगरप्रमुख रणबहादुर राईले कार्यक्रम सुरु भएयता पढाइ छाडेका युवतीलाई फेरि शिक्षामा फर्काउन सहज भएको बताउँदै भने, जबसम्म आमा शिक्षित हुँदैनन् तबसम्म परिवार र समाजले शिक्षाको महत्व बुझ्दैन, त्यसैले यो कार्यक्रम सञ्चालन गरिएको हो ।

नगरपालिकाले छात्रवृत्ति पहिलो वर्षमा मात्र नतिजा सन्तोषजनक भए दोस्रो वर्षमा निरन्तरता दिने व्यवस्था गरेको छ । नतिजा असफल भएमा दोस्रो वर्षको शुल्क विद्यार्थी आफैंले ब्यहोर्नुपर्ने छ । विगत छ वर्षदेखि सञ्चालनमा रहेको छोरीबुहारी शिक्षा कार्यक्रममा हालसम्म दुई सय ६६ जना सहभागी भइसकेका छन् । तीमध्ये २३ जनाले स्नातक तह उत्तीर्ण गरिसकेका छन् भने केहीले लोकसेवा आयोगसमेत उत्तीर्ण गरिसकेको नगरप्रमुख राईले जानकारीदिए।अहिलेसम्म कार्यक्रमका लागि नगरपालिकाले एक करोड ५० लाख भन्दा बढी खर्च गरिसकेको छ । (रासस)

## «श्रमदानको

नगरबाट पैसा भुक्तानी गराउन खोजेको बताएका छन् । वडाध्यक्ष भट्टराईका अनुसार धरान- १६ को पाठशालाका लागि धरान -१४ का प्रसाद राईको संयोजकत्वमा उपभोक्ता समिति बनाइएको र उनी मेयरका समर्थक हुन् ।

यो विषय मेयर आफैंले पनि स्वीकार गरेका छन् । 'मैले फरक मत राख्नेलाई किन अध्यक्ष बनाउनु', उनले मंगलबार पत्रकार सम्मेलनमा भने 'मैले श्रम अभियानकै साथीलाई बनाएकै हो ।' सर्दु खोलाको बाढीले हानी गर्ने भएकाले उपभोक्ता समिति जहाँको बनाए पनि हुने उनको तर्क छ । 'खोला कुनै वडामा नपर्ने' मेयरको तर्क छ ।

श्रमदानका लागि भेला भएका श्रमदाताहरुले मजदुरका रुपमा डोर हाजिरीसमेत गरेको भेटिएको भन्दै उपमेयरले अनुमगन गर्न अस्वीकार गर्दै रकम भुक्तानी रोकेको बताइरहेका छन् । तर, मेयर पक्षले भने त्यो हाजिरी अर्कै उद्देश्यबाट गरिएको बताइरहेको छ । 'श्रमदानमा कति लागत पर्‍यो भन्ने थाहा पाउन हाजिरी लिइएको हो' मेयरले भनेका छन् 'त्यो पारिश्रमिकका लागि होइन ।'

उपमेयरले भने मेयरले भने अनुसार भुक्तानी नहुँदा उनी बिच्केको बताएका छन् । 'श्रमदानबाट भइसकेको काममा पछि समिति बनाएर बिल र फाइल पेश गरेर नगरबाट भुक्तानी खोज्नु अनियमित र कानुनविपरीत हो । मैले यसको भुक्तानी हुँदैन भनेको छु, कर्मचारीलाई पनि त्यही भनेको छु' उपमेयर बेघाले भने 'मेयरले त्यसैको बदला लिन यो सबै गरिरहनु भएको छ ।'

मेयर साम्पाङ भने श्रमदानको पनि भुक्तानी नगरबाट हुने भन्दै अडान लिइरहेका छन् । 'धरानको लिडर म हो, धरान कसरी चलाउने त्यो मैले जान्ने कुरा हो', मंगलबार बिहान पत्रकार सम्मेलन गरेर उनले भने 'म जनताको आदेशबाट काम गर्छु । जनताभन्दा ठूलो कोही हुन्न ।'

आफूलाई श्रम अभियन्ता भनेर चिनाउने मेयर साम्पाङले २०७९ को स्थानीय चुनावमा जित हात पारेलगत्तै श्रम अभियान थालेका थिए । साम्पाङले मेयरको जिम्मेवारी सम्हालेको अर्को साता २०७९ को जेठ दोस्रो सातादेखि शहरमा खानेपानीको स्रोत थप्ने अभियान सुरू भएको थियो । उनले धरानको पकुवा खोलाबाट पानी ल्याउने र त्यसका लागि श्रमदानमा खटिन नगरबासीलाई आह्वान गरेका थिए । कामको सुरूआत आफैंले गरेका थिए । दिनभरि ढुंगा बोक्ने, गैंती र बेल्चा हान्ने काममा मेयर खटिएपछि उनलाई सघाउनेको ओइरो लागेको थियो । अन्य जिल्लाबाटसमेत श्रमदानका लागि आउनेको घुइँचो लाग्ने गर्थ्यो ।

पकुवा प्रोजेक्टको सफलतापछि उत्साही भएका साम्पाङ र उनको टिम त्यस्तै अर्को योजनामा खटिन थाल्यो । त्यसपछि क्रमशः निशाने खोला, सर्दु, खर्दु र भालुखोलाबाट धरानमा पानी थपियो । त्यसपछि कोकाहा योजनाबाट पनि श्रम अभियानबाटै पानी धरानसम्म ल्याइएको थियो । ४२ किलोमिटर लामो कठिन भूगोलमा पाइप जोडेर कोकाहाको पानी धरानमा झारेयता पनि मेयरको अगुवाइमा विभिन्न ठाउँमा श्रमदान चलिरहेको छ। यद्यपि श्रमदानवापतकै काममा भुक्तानी मागेको भन्ने विवाद सुरु भएपछि यसपटक चाहिं त्यही विवादले धरान अशान्त बनेको छ ।

## «कोशी प्रदेशमा

कूल बैंक तथा वित्तीय संस्थाको संख्या १ हजार ८४५ पुगेको जनाइएको छ ।

यी बैंक तथा वित्तीय संस्थामा बचत खाता हिस्सा ८९ दशमलव ४ प्रतिशत रहेको मध्ये सक्रिय बचत खाता ७१ दशमलव १ प्रतिशत छ । सक्रिय बचत खाता मध्ये ४५ दशमलव ६ प्रतिशत महिलाको खाता रहेको जनाइएको छ ।

ग्रामीण क्षेत्रमा समेत इन्टरनेटको पहुँच बढ्दा बैंकिङ कारोबारमा त्यसको फाइदा लिनेको संख्या बढेको छ । कोशी प्रदेशमा आर्थिक वर्ष २०७६/७७ मा १६ लाख ११ हजारले मोबाइल तथा इन्टरनेटमा आधारित बैंकिङ्ग सेवा लिएकोमा आर्थिक वर्ष २०८१/८२ को चैत मसान्तसम्म दोब्बर वृद्धि भएर ३८ लाख ५८ हजार पुगेको छ ।

कोशी प्रदेशमा प्रयोगमा आएका एटिएम मेसिनको संख्या ६९१ रहेको छ । २०८१ सम्म कोशी प्रदेशभित्रका बैंक तथा वित्तीय संस्थाले १९ लाख १० हजार २३४ वटा डेबिट कार्ड तथा ३५ हजार ४६९ वटा क्रेडिट कार्ड जारी गरेको जनाइएको छ ।

कोशीका १४ जिल्लामध्ये धनकुटामा प्रति शाखा सेवा प्रवाह प्राप्त गर्ने जनसंख्या १ हजार ७९३ रहेको छ । जिल्लाको जनसंख्याको आधारमा खोटाङमा सबैभन्दा बढी ३ हजार ५७८ जनाले प्रति शाखा सेवा प्राप्त गरेको जनाइएको छ ।


## गोदाम भाडामा लगाउने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८२/०३/०४**

यस कार्यालयको इटहरी उपमहानगरपालिका वडा नं. ५ स्थित रहेको १००० मे.ट. क्षमताको गोदाम नं. ३ भाडामा लगाउनु पर्ने भएकोले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र निवेदन दिन जानकारी गराइन्छ। गोदाम भाडामा लगाउने सम्बन्धी विस्तृत विवरण कार्यालयको सूचना पाटीमा टाँस गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिन्छ।

**खाद्य व्यवस्था तथा व्यापार कं. लि.**
प्रादेशिक कार्यालय, विराटनगर
फोन नं. ०२१-४७४२३३/९८५२०३०५४८



## विराटनगर महानगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
**विराटनगर,मोरङ**
**कोशी प्रदेश नेपाल**
**आशयको सुचना प्रकाशन गरीएका**

सुचना प्रकाशन मिति:२०८२/०३/०४

विराटनगर महानगरपालिकाको कार्यालयले सम्झौता गरेको मितिदेखि ५ वर्ष (१८२५ दिन) सम्मका लागि वीरेन्द्र सभागृह (ईको पार्कसमेत) लाई मिति २०८२/०१/२४ गते उद्घोष दैनिक राष्ट्रिय पत्रिकामा र विराटनगर महानगरपालिका वडा न १ वडा कार्यालयको सटर नं. २ आ.व. २०८२/०८३ देखि २०८६/०८७ सम्म मिति २०८२/०२/०४ गते न्यू सृष्टि दैनिक राष्ट्रिय पत्रिकामा वहाल बिटौरी शुल्क संकलन गर्न ठेक्कामा लगाउनका लागि प्रकाशित सूचना अनुसार म्यादभित्र दर्ता हुन आएका सिलबन्दी वोलपत्र/दरभाउपत्रलाई आय ठेक्का सम्बन्धि मूल्याङ्कन समितिवाट मुल्याकन गरि सिफारिस भएको हुदाँ तपसिल बमोजिमको वोलपत्र/दरभाउपत्र उपर कसैको उजुरी गुनासो भए सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र कार्यालय समयमा सप्रमाण निवेदन पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

| क्र.स. | फर्म/कम्पनी/संस्थाको नाम | ठेगाना | ठेक्काको विवरण | कवोल रकम कर वाहेक |
|---|---|---|---|---|
| १. | अन्जनी सप्लायर्स | विराटनगर ८ | वीरेन्द्र सभागृह (ईको पार्क समेत) | २,००,००,००० (दुई करोड मात्र) |
| २. | बुक्स एण्ड मेडिकल स्टेशनरी | विराटनगर १ | १ नं. वडा कार्यालयको सटर नं. २ | १५,००० (पन्ध्र हजार मात्र) |

**विराटनगर महानगरपालिका**
**वित्तीय व्यवस्थापन महाशाखा**



## बागेश्वरी बचत तथा ऋण सहकारी संस्था लि.
**विराटनगर-९**

**उल्लेखित ऋणीको धितो रहेको अचल सम्पति लिलाम बिक्रि गर्ने ७ (सात) दिने शिलबन्दी बोलपत्र आह्वान गरिएको सार्वजनिक सूचना**

**प्रकाशित मिति: २०८२/०३/०४ गते**

यस संस्थाबाट ऋण लगानी भएका तपसिलका उल्लेखित ऋणी सदस्यहरुलाई संस्थामा गरेको कबुलियतनामा अनुसार मासिक साँवा, व्याजसहितको किस्ता रकम बुझाउन पटक-पटक टेलिफोनको माध्यमका साथै लिखित सूचना बारम्बार पठाउँदा पत्र नबुझेको र हालसम्म पनि ऋणको साँवा तथा सोमा लागेको ब्याज र हर्जाना ब्याज बुझाउनेतर्फ कुनै पहल नगरी बसेको हुनाले तपसिलमा उल्लेखित ऋणीहरु, व्यक्तिगत जमानतकर्ताहरु तथा धितो धनीका नाममा बाँकी रहेको ऋण कर्जा चुक्ता गर्नहुन यो ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस संस्थामा सम्पर्क राखी आफूले लिएको ऋणको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नुहोला। अन्यथा सहकारी ऐन नियमावली तथा प्रचलित नियम कानुनले दिएको अधिकार प्रयोग गरी सम्वन्धित सबैलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचिमा नाम समावेश गर्न लेखीपठाइ ऋणको सुरक्षण स्वरुप संस्थालाई दिएको चलअचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रबाट लिलाम बिक्री गरी संस्थाको सम्पूर्ण लेना रकम असुल उपर गर्नेतर्फ आवश्यक कारवाही गरिने व्यहोरा सूचित गरिन्छ। साथै धितो सुरक्षणको लिलाम विक्री हुन नसकी संस्थाले धितो सकार गर्नु परेमा वा लिलाम विक्रीबाट संस्थाको सम्पूर्ण वक्यौता असुलउपर नभएमा असुलउपर हुन नसकेको रकमको हदसम्म कानुन बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुली गर्नेतर्फ कानुनी प्रक्रिया अगाडि बढाइने व्यवहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ।

**तपशिल**

| क्र.स | नाम | सदस्य नं. | कर्जा नं | कर्जा रकम | बुवाको नाम | बजेको नाम | ठेगाना | धितो विवरण |
|---|---|---|---|---|---|---|---|---|
| १ | अकतर मिया | १८६ | २/२७ | ८,०१,७५० | हनिफ मिया | सलामत मिया | दुहवी-९ | अकतर मियाको नाममा दर्ता कायम रहेको जिल्ला सुनसरी साविक झोक्राहा ९/९ घ कित्ता नं २३४ को ०-१-१७-० क्षेत्रफल |
| २ | ज्ञान गोविन्द वैद्य | १०१ | २/२ | १६००७८० | चित्र गोविन्ध वैद्य | फत्ते गोविन्द वैद्य | ललितपुर-१२ | ज्ञान गोविन्द वैधको नाममा दर्ता कायम रहेको जिल्ला झापा साविक हलदीवारी ५ क कित्ता नं ०१५ को १-२-१०-० क्षेत्रफल |
| ३ | गंगा परियार | ०५४ | २/२९ | १,६८,००० | गोपाल परियार | बखतबहादुर परियार | सुनसरी महेन्द्रनगर-९ हाल विराटनगर -५ | गंगा परियारको नाममा दर्ता कायम रहेको जिल्ला मोरङ अमाही इकाही कित्ता नं २१४५ को क्षेत्रफल ०-०-५-० |

**व्यवस्थापक**



## कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८२ साल असार महिना ४ गते बुधबार)

यस विकास बैंकको शाखा कार्यालय उर्लाबारीबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अर्न्तगत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ । उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा धितो सुरक्षणमा तपाईले लेखिदिएको सम्पूर्ण चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी वा सो बाट समेत संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा प्रचलित कानून अनुसार कारबाही गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्नुका साथै तपाई ऋणी तथा व्यक्तिगत धनजमानीकर्ता समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपशिल**

**१) कर्जा शिर्षक : ब्यक्तिगत आवधिक कर्जा**

**ऋणीको विवरण**

टिका राम सापकोटाको नाति रुद्र प्रसाद सापकोटाको छोरा मोरङ्ग जिल्ला मधुमल्ला वडा नं. ७ हाल, उर्लाबारी न.पा. वडा नं. ५ बस्ने **छविलाल सापकोटा** (ना.प्र.नं. : १९१९/५९७ जारी मिति र जिल्ला : २०५८/०१/१४, मोरङ्ग)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

मनिरथ आर्चायको छोरी रुद्र प्रसाद सापकोटाको बुहारी छविलाल सापकोटाको पत्नी मोरङ्ग जिल्ला उर्लाबारी वडा नं. ३ हाल, उर्लाबारी न.पा. वडा नं. ५ बस्ने **पवित्रा आचार्य** (ना.प्र.नं. : ५५७ जारी मिति र जिल्ला : २०६३/१२/१७, मोरङ (उर्लाबारी)

**२) कर्जा शिर्षकः मुक्तिनाथ सहुलियत कर्जा (आवधिक)**

**ऋणीको विवरण**

नाम : **लक्ष्मी कृषि तथा पशुपालन फार्म** व्यवसायको नाम : उर्मिला भट्टराई करदाता नं. : ००-०३-०२६७
दर्ता गर्ने कार्यालय : दमक नगरपालिका ९ नं वडा कार्यालय दमक झापा दर्ता मिति : २०७८/१२/१६
स्थायी लेखा नं. : १३०६६९८१२ व्यवसायको ठेगाना : झापा जिल्ला दमक न.पा. वडा नं. ९

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) बम बहादुर भट्टराईको नाति दिगबिर भट्टराईको छोरा तेह्रथुम जिल्ला पञ्चकन्या वडा नं. ४ हाल, मोरङ्ग जिल्ला पथरी शनिश्चरे न.पा वडा नं. ८ बस्ने **दिलिप कुमार भट्टराई** (ना.प्र.नं. : २६५९४-९७१ जारी मिति र जिल्ला : २०५३/०३/०३, तेह्रथुम)

२) शरण बहादुर कार्कीको छोरी दिगबिर भट्टराईको बुहारी दिलिप कुमार भट्टराईको पत्नी मोरङ जिल्ला शनिश्चरे वडा नं. ५ हाल, पथरी शनिश्चरे न.पा. वडा नं. ८ बस्ने **उर्मिला भट्टराई** (ना.प्र.नं. : ३०४६१ जारी मिति र जिल्ला : २०६३/०७/०२, मोरङ)

३) टेक बहादुर थापाको छोरी बम बहादु भट्टराईको बुहारी दिगबिर भट्टराईको पत्नी तेह्रथुम जिल्ला छथर पोखरी वडा नं. ८ हाल, मोरङ्ग जिल्ला पथरी शनिश्चरे न.पा. वडा नं. ८ बस्ने **भिष्म कुमारी भट्टराई** (ना.प्र.नं. : १५५४ जारी मिति र जिल्ला : २०४४/११/२८, तेह्रथुम)

४) बम बहादुर भट्टराईको नाति दिगबिर भट्टराईको छोरा तेह्रथुम जिल्ला छथरपोखरी वडा नं. ४ हाल, मोरङ जिल्ला पथरी शनिश्चरे न.पा. वडा नं. ८ बस्ने **राज कुमार भट्टराई** (ना.प्र.नं. :१५५३ जारी मिति र जिल्ला : २०४४/११/२८, तेह्रथुम)

**३) कर्जा शिर्षक : ट्रम मोर्टगेज कर्जा**

**ऋणीको विवरण**

बम बहादुर भट्टराईको नाति दिगबिर भट्टराईको छोरा तेह्रथुम जिल्ला पञ्चकन्या वडा नं. ४ हाल, मोरङ्ग जिल्ला पथरी शनिश्चरे न.पा वडा नं. ८ बस्ने **दिलिप कुमार भट्टराई** (ना.प्र.नं. : २६५९४-९७१ जारी मिति र जिल्ला : २०५३/०३/०३, तेह्रथुम)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) शरण बहादुर कार्कीको छोरी दिगबिर भट्टराईको बुहारी दिलिप कुमार भट्टराईको पत्नी मोरङ जिल्ला शनिश्चरे वडा नं. ५ हाल, पथरी शनिश्चरे न.पा. वडा नं. ८ बस्ने **उर्मिला भट्टराई** (ना.प्र.नं. : ३०४६१ जारी मिति र जिल्ला : २०६३/०७/०२, मोरङ)

२) टेक बहादुर थापाको छोरी बम बहादु भट्टराईको बुहारी दिगबिर भट्टराईको पत्नी तेह्रथुम जिल्ला छथर पोखरी वडा नं. ८ हाल, मोरङ्ग जिल्ला पथरी शनिश्चरे न.पा. वडा नं. ८ बस्ने **भिष्म कुमारी भट्टराई** (ना.प्र.नं. : १५५४ जारी मिति र जिल्ला : २०४४/११/२८, तेह्रथुम)

३) बम बहादुर भट्टराईको नाति दिगबिर भट्टराईको छोरा तेह्रथुम जिल्ला छथरपोखरी वडा नं. ४ हाल, मोरङ जिल्ला पथरी शनिश्चरे न.पा. वडा नं. ८ बस्ने **राज कुमार भट्टराई** (ना.प्र.नं. :१५५३ जारी मिति र जिल्ला : २०४४/११/२८, तेह्रथुम)

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
**Central Office:** Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999,
Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ